# नेपाल गजेट

## नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं ज्येष्ठ ३२ गते २०११ साल

## भाग २

## अर्थमन्त्रालय (आयविभाग) को विज्ञप्ति

पत्रसंख्या ११। गृ.प्र. वि. ५७।६६०२ मितिः- ११।२।२५।२

नेपालको एक जिल्लाबाट अर्को जिल्ला लैजाने खाद्यान्नमा महसूल नदिने

अबउप्रान्त देहायका खाद्य बस्तुहरू नेपालको एक जिल्लाबाट अर्को जिल्लामा लाँदा ल्याउँदा महसूल लिनुपर्दैन भन्ने सदर पाहाड भंसार र हवाइ भंसारलाई आदेश गर्ने ०११।२।१८। मा निर्णय भएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

धान, चामल, गहुँ, मकै, जौ, जै, फापर, कट्टे, रामदाना र माथि लेखिएका अन्नहरूको पिठोहरूमा ।

कनिका, मास, मुगी, रहर, सिमी, बोडी, केराउ, खेसरी, चना, भटमास, मस्यांग, मुसुर इत्यादि नदलेको डोलोमा, ऐ ऐ दलेको डोलोमा, ऐ ऐ पिनी तयार भएको पिठोमा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तेलहन,

तोरी, रायो, सरस्यूँ, तिल, मोमफली, आलस,
ऐ. ऐ. को पिनाहरूमा।

तेल

तोरीको तेल, रायोको तेल, सरस्यूँको तेल, मोमफलीको तेल, आलसको तेल, ऐ. ऐ. को पिनाहरूमा।

आज्ञाले—
चूडानन्द वैद्य,
एडि. सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

पत्रसंख्या ११। गृ. प्र. वि. ५७।१८९८ मिति ११।२।२४।१

### पैठारी भएका मालको सर्टिफिकेट दिने

भारतमा सेल ट्याक्स तिरी नेपालमा पैठारी भएका मालमा नेपाल सरहद-भित्र पैठारी भएको हो भन्ने प्रमाणपत्र पाए भारतमा तिरेको उक्त सेल ट्याक्स फिर्ता पाइनेथियो भनी प्रमाणपत्रका निमित्त निवेदनहरू परेकोले यो सूचना जारी गरिदिएको छ। अबउप्रान्त पैठारी गर्ने व्यक्ति पार्टी वा कम्पनीले यस्ता प्रमाणपत्र पाऊँ भनी रीतपूर्वकको दर्खास्त दिएमा सम्बन्धित भंसारहरूले मालसामान सोही भंसारद्वारा पैठारी भएको भए यो मितिमा यस्तो माल पैठारी भएको हो भन्ने विवरण दिई को प्रमाणपत्र दिने निर्णय भएकोले सोबमोजिम गर्नु गराउनुहोला।

आज्ञाले —
चूडानन्द वैद्य,
सेक्रेटरी—अर्थमन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।